"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
## Gaur Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

पत्र संख्या/Ref.No.:-२०७६/०७७
चलानी नं./Dispatch No.:- 292

गौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौर, रौतहट प्रदेश नं. २, नेपाल

मितिः २०७७/०५/२६

विषयः- <u>बेरोजगारहरुको आवेदन उपलब्ध गराउने सम्बन्धमा</u> ।

श्री वडा कार्यालय (१ देखि ९ सबै),
गौर नगरपालिका, रौतहट ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाबाट मिति २०७६/१२/०२ र २०७७/०३/३१ गते जारी सूचना अनुसार आ.व. २०७७/७८ मा यस नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बरावरको न्यूनतम रोजगारीमा संलग्नका लागि बेरोजगार व्यक्तिले निवेदन दिने समयावधि श्रावण मसान्तसम्म मात्र रहेको व्यहोरा अवगत नै छ । उल्लेखित समयावधि भित्र तहाँ वडा कार्यालयमा दर्ता भएका निवेदनहरु वडा समिति मार्फत छानबिन गरी बेरोजगार व्यक्तिहरुको निवेदन सहितको सूची वडा अध्यक्षको सिफारिस सहित यथाशिघ्र रोजगार सेवा केन्द्र, गौर नगरपालिकामा पठाइदिनुहुन अनुरोध छ । साथै देहायका निवेदनहरु न्यूनतम रोजगारीमा संलग्न गराउन नसकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

<u>छनौटमा नपर्ने निवदेनहरु</u>

(१) आ.व. २०७६/७७ मा न्यूनतम रोजगारीमा (१०० दिन) संलग्न भएको वा रोजगार तथा स्वरोजगारबाट नेपाल सरकारले तोके बमोजिमको रु ५१,७००।- वार्षिक आय प्राप्त गरेको व्यक्ति ।
(२) १८ देखि ५९ वर्ष उमेर समूह भन्दा बाहिरको उमेर समूहको बेरोजगार व्यक्ति ।
(३) विवरण प्राप्त नभएको वा प्राप्त विवरण अपूर्ण रहेको, जानकारी स्पष्ट हुन नसकेको र झुठो विवरण भएको ।

(सुरेन्द्र प्रधान)
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र प्रधान
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

सूचना प्रविधि अधिकृत : नगरपालिकाको website मा upload गरिदिनुहुन ।